**प्रेस बिज्ञप्ती**

**महिला लोकतान्त्रिक सञ्जाल पर्साको गठन**

माघ ११, वीरगञ्ज,

पुनर्जागरण समाज नेपाल, महिला लोकतान्त्रिक सञ्जाल केन्द्रीय समिति र जिल्ला बिकास समिति पर्सा बीच महिला सशक्तिकरणका लागि अन्तर दलिय सञ्जाल तथा रणनीतिक कार्य योजना कार्यक्रमका लागि हालै भएको सम्झौता अनुसार पर्सा जिल्लमा महिला लोकतान्त्रिक सञ्जाल पर्साको गठन भएको छ। नेकपा एमाले जिल्ला कमिटी सदस्य निर्मला भण्डारीको अध्यक्षतामा गठित सञ्जालमा बिभिन्न राजनीतिक दलका ९ जना सदस्य रहनु भएको छ। सञ्जालका बाकी सदस्यहरुमा उत्तमा उपाध्यय नेपाली काँग्रेस, मिली सिङ फोरम, रावडी देवी तमलेपा, रेखा कर्ण राप्रपा क्रमशः उपाध्यक्ष, सचिब, सह सचिव र कोषाध्यक्ष रहनु भएको छ। त्यसैगरी बाँकी सदस्यहरुमा सिता ढकाल एकल महिला, हुस्नेआरा खातुन तमलोपा, सुनिता साह फोरम र दुर्गा क्षेत्री नेकपा एमाले रहनु भएको छ। महिला लोकतान्त्रिक सञ्जाल पर्सा गठनका लागि आयोजित भेलाले चार सदस्यीय सल्लाहकार समितिको पनि गठन गरेको छ। सो सल्लाहकार समितिमा शान्ती कार्की नेपाली काँग्रेस, सन्ध्या भट्ट नेकपा एमाले, सेखचाँद तारा तमलोपा र मिथिलेस देबी फोरमबाट रहनु भएको छ। महिला लोकतान्त्रिक सञ्जाल गठन भेलाको अध्यक्षता नेपाली काँग्रेस महिला संघ केन्द्रीय सदस्य शान्ती कार्कीले र आवश्यक सहजीकरण र प्रमुख आथित्यता प्रदान महिला लोकतान्त्रिक सञ्जाल केन्द्रीय अध्यक्ष उर्मिला अर्यालले गर्नु भएको थियो।

यस पछि सञ्जाल गठन अभियानलाई पर्सा जिल्लाका गाबिस र नगरपालिका स्तरमा समेत बिस्तार गर्ने र यसरी गठित सञ्जालमा आवद्ध पदाधिकारीहरुको क्षमता बिकासका लागि तालिम तथा प्रशिक्षण कार्यक्रमको आयोजना गरिने छ।

निर्मला भण्डारी
अध्यक्ष,
महिला लोकतान्त्रिक सञ्जाल, पर्सा